**बैठक संख्या १९**

आज मिति २०७४ साल चैत्र २७ गते मंगलवार दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष श्री बासुदेव घिमिरेको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | |
|---|---|
| १.नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २.नगर उप. प्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यापालिका सदस्य |
| ३. श्री तामानाथ पाण्डेय | नगर कार्यापालिका सदस्य |
| ४.श्री दधिराम गौतम | नगर कार्यापालिका सदस्य |
| ५.श्री टंक प्रसाद तिवारी | नगर कार्यापालिका सदस्य |
| ६.श्री दिवाकर ढकाल | नगर कार्यापालिका सदस्य |
| ७.श्री चेत नारायण भण्डारी | नगर कार्यापालिका सदस्य |
| ८.श्री सुखदेव न्यौपान | नगर कार्यापालिका सदस्य |
| ९.श्री दुर्गाप्रसाद पाण्डे | नगर कार्यापालिका सदस्य |
| १०.श्री कृष्णप्रसाद पौडेल | नगर कार्यापालिका सदस्य |
| ११ श्री नारायण न्यौपाने | नगर कार्यापालिका सदस्य |
| १२ श्री व्यास मुन थारु | नगर कार्यापालिका सदस्य |
| १३.श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यापालिका सदस्य |
| १४.श्री सहदेव थारु | नगर कार्यापालिका सदस्य |
| १५.श्री गणेश न्यौपाने | नगर कार्यापालिका सदस्य |
| १६.श्री सोहन प्रसाद थारु | नगर कार्यापालिका सदस्य |
| १७.श्री खेमराज गुरुङ्ग | नगर कार्यापालिका सदस्य |
| १८. श्री झविलाल भुसाल | नगर कार्यापालिका सदस्य |
| १९. श्री दान बहादुर चौधरी | नगर कार्यापालिका सदस्य |
| २०.श्री गिता कुमारी सापकोटा | नगर कार्यापालिका सदस्य |
| २१.श्री गायत्री पाण्डे | नगर कार्यापालिका सदस्य |
| २२.श्री संगिता गुरुङ | नगर कार्यापालिका सदस्य |
| २३. श्री राधा शाही | नगर कार्यापालिका सदस्य |
| २४.श्री मिरा कुमारी वि.क. | नगर कार्यापालिका सदस्य |
| २५ श्री लक्ष्मण दमाई नेपाली | नगर कार्यापालिका सदस्य |
| २६.श्री सुरेन्द्र विश्वकर्मा | नगर कार्यापालिका सदस्य |
| २७.श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यापालिका सदस्य |
| २८.श्री कृष्णप्रसाद सापकोटा | नगरकार्यापालिका सदस्य सचिव |

अन्य उपस्थिती:

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैठक नं १९

प्रस्तावहरु :

१. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२. "तिलोत्तमा शिक्षा नियमावली २०७४" को संशोधन सम्बन्धमा ।
३. सेमरा स्वास्थ्य चौकीको जग्गाको सम्बन्धमा ।
४. खानेपानी तथा ढल निकास विभागद्वारा गरिएको सर्वे सम्बन्धमा ।
५. कृषि तथा फलफूल व्यावसायीहरुको मागको सम्बन्धमा ।
६. फोहोरमैला व्यवस्थापन कार्यविधि २०७४ पारित सम्बन्धमा ।
७. तालिम संचालन सम्बन्धमा ।
८. उपसमितिमा सदस्य थप गर्ने सम्बन्धमा ।
९. बजेट व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

- तिलोत्तमा नगरपालिकाका नगर प्रमुख एवं तिलोत्तमा नगर शिक्षा समितिका अध्यक्ष श्री बासुदेव घिमिरेको अध्यक्षतामा मिति २०७४।१२।२६ गते १०.३० बजे बसेको नगर शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

- "तिलोत्तमा नगरपालिका शिक्षा नियमावली २०७४ लाई संशोधन गर्नको लागि नगरप्रमुखद्धारा पेश भएको शिक्षा नियमावली पहिलो संशोधन प्रस्ताव सर्वसम्मत रुपमा पारित गरी जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

- तिलोत्तमा नगरपालिका वार्ड नं १० को सेमरामा अवस्थित सेमरा स्वास्थ्य चौकीको नाममा नापी कार्यालयको रेकर्डमा छुट कित्ताको रुपमा दर्ता रहेको स्रोह कट्ठा पाँच धुर लगायत जग्गा र उक्त संस्थाले चर्चेको, जग्गा धनि प्रमाणपत्र नभएकोतर विगत लामो समयदेखि भोगाधिकार गरी आएको जमिनको जग्गा धनी प्रमाणपत्र उक्त स्वास्थ्य चौकीको नाममा कायम गर्नको लागि श्री मालपोत कार्यालय बुटवल र सम्बन्धित अन्य निकायहरुमा समेत लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

- नेपाल सरकार, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभागद्धारा तिलोत्तमा नगरपालिकाका १, २, ३, ४, ५, ६, ९, १७ लगायतका वडाहरुमा ढल निकास तथा ढल प्रशोधन केन्द्र निर्माणका लागि सर्वे गर्न कामको अध्ययन सर्वे गर्न टोली आएको हुँदा सर्वेको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै उक्त कार्यलाई सम्बन्धित वडा कार्यालयले पूर्ण सहयोग पुर्‍याउने र वडाबासीहरुलाई पनि सहयोग पुर्‍याउनको लागि आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं. १ मा विद्यालय गाभ्ने सम्बन्धमा
म ति.जे.मा. १६ को वडा अध्यक्ष भएकोले
मूलरूपले को असहमति छ /

२०६८/१२/२६

**निर्णय नं. ५**

- बुटवल स्थित कृषि तथा फलफूल व्यावसायी संघको मिति २०७४।१२। च.नं. को पत्र बमोजिम कृषि तथा फलफूलको हाट बजार व्यवस्थापनको लागि माग भई आएकोमा आवश्यक जग्गा यस नगरपालिकाको वार्ड नं. १७, ७ लगायत प्राविधिक रुपमा उपयुक्त स्थानमा अत्याधुनिक कोल्डस्टोर सहित कृषि उपज संकलन तथा प्रशोधन केन्द्र पीपीपी मोडलमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

- नगर प्रमुख श्री बासुदेव घिमिरेद्धारा प्रस्तुत "तिलोत्तमा नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधिको २०७४ को मस्यौदा माथि छलफल सहित पारित गरियो ।

**निर्णय नं. ७**

- (७.क) नेपाल नगरपालिका संघ, लाजिम्पाट काठमाण्डौको व्यवस्थापन र यस नगरपालिकाको आर्थिक सहयोगमा पहिलो चरणमा नगर कार्यपालिकाका सदस्यहरुको क्षमता अभिवृद्धिका लागि २ दिने अभिमुखिकरण कार्यक्रम २०७५ वैशाख मसान्त भित्र संचालन गर्ने निर्णय गरियो ।
- (७.ख) तिलोत्तमा नगरपालिका भित्र व्यवसायिक तालिम संचालन गरी स्वरोजगार सिर्जना गर्नको लागि प्रत्येक वडाले पाँच जनाका दरले १६ देखि ४० वर्ष भित्रका युवायुवतिलाई छनौट गरी वैशाख १ गते भित्र नगरपालिकामा पठाउने । त्यसरी वडा कार्यालयबाट सिफारिस भई आएका मध्ये २० जनालाई Korea Nepal Institute of Technology (KNIT) Butwalको सहकार्यमा संचालन हुने लेभल वान वा सो सरहको कुक तालिम प्रदान गर्नको लागि छनौट गरी तालिम लिन पठाउने र अन्यको हकमा निजहरुको ईच्छा र आवश्यकताको **आधारमा नगरपालिकाको व्यवस्थापनमा उपयुक्त तालिम संचालन गर्ने निर्णय गरियो ।**

**निर्णय नं. ८**

- कार्यपालिकाका सदस्य श्री मुक्ति चौधरीको संयोजकत्वमा गठित सरकारी सार्वजनिक जग्गा पहिचान तथा लगत संकलन उपसमितिको सहसंयोजकको रुपमा कार्य गर्ने गरी श्री हर्षबहादुर रस्तेललाई मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

- तिलोत्तमा नगरपालिकाको चालु आर्थिक वर्षको लागि विनियोजन भएको बजेटको खर्चप्रभावकारिता बढाउन साधारण (चालु) तर्फको रकमबाट देहाय बमोजिमका योजनामा देहाय बमोजिमविनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ क.**

यस आ.व. को लागि चालु खर्च तर्फ तपसिल बमोजिमको खर्च शीर्षकहरुमा विनियोजन गरेको बजेट असार मसान्त सम्म सबै खर्च हुने अवस्था नदेखिएकोले उक्त शीर्षकहरुमा घटाई तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो

तपसिल

| क.सं. | खर्च शीर्षक | अनुमानित बजेट | घटेको रकम | शंशोधित बजेट | बजेट श्रोत |
|---|---|---|---|---|---|
| १ | पदाधिकारी पारिश्रमिक | १,००,००,०००। | ४०,००,०००। | ६०,००,०००। | आन्तरिक चालु |
| २ | अन्य भत्ता | ३,००,००,०००। | १,२५,००,०००। | १,७५,००,०००। | आन्तरिक चालु |
| ३ | पानि तथा विजुली | ७,००,०००। | ५,००,०००। | २,००,०००। | आन्तरिक चालु |
| ४ | सञ्चार | १०,००,०००। | ५,००,०००। | ५,००,०००। | आन्तरिक चालु |
| ५ | तलब कर्मचारी | २,००,००,०००। | २१,००,०००। | १,७९,००,०००। | आन्तरिक चालु |
| ६ | घर भाडा | ३५,००,०००। | २०,००,०००। | १५,००,०००। | अनुदान चालु |
| ७ | ईन्धन | ४०,००,०००। | १५,००,०००। | २५,००,०००। | अनुदान चालु |
| ८ | दैनिक भ्रमण भत्ता | १५,००,०००। | ५,००,०००। | १०,००,०००। | अनुदान चालु |
| | | | २,३६,००,००० | | |

**निर्णय नं. ९ ख.**

चालुखर्च तर्फबाट रकमान्तर गरी आएको बजेट रु. २,३६,००,०००।- मध्येबाट पुजिगत खर्च तर्फको देहाय बमोज्रिमको शीर्षकमा निम्नअनुसारको बजेट थप गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | राममणी क्याम्पस को विज्ञान भवन जाने सडक | तिलोत्तमा ५,९,६ | २५०००००।०० |
| २ | कृषि सेवा केन्द्र, भलवारी | तिलोत्तमा ७ | १००००००।०० |
| ३ | तिनाउ रिटेनिङ वाल | तिलोत्तमा ६ | १२०००००।०० |
| ४ | शान्तिनगर प्रदीपनगर शिवपूर सडक | तिलोत्तमा | २४०००००।०० |
| ५ | हाटवजार पूर्वाधार | तिलोत्तमा | ८०००००।०० |
| ६ | १३ । १४ सिचाई नाली | तिलोत्तमा | १००००००।०० |
| ७ | हयुमपाईप खरिद | तिलोत्तमा | १३०००००।०० |
| ८ | सामूदायिक विद्यालय | तिलोत्तमा | १६०००००।०० |
| ९ | मसानघाट पूर्वाधार | तिलोत्तमा ११ | १०००००।०० |
| १० | मूडियारी नाली निर्माण | तिलोत्तमा १७ | २२००००।०० |
| ११ | मूडियारी सडक तथा नाली व्यवस्थापन | तिलोत्तमा १७ | २६५०००।०० |
| १२ | मौवारी सडक मर्मत | तिलोत्तमा ११ | ४५००००।०० |
| १३ | खानेपानी ट्युवेल तथा डिउहार भूई ढलाई तथा पलस्टर ( गंगोलिया | तिलोत्तमा १७ | १५००००।०० |
| १४ | वरपिपल पथ कालोपत्रे (५०:५०) | तिलोत्तमा २ | ४०००००।०० |
| १५ | खानेपानी व्यवस्थापन | तिलोत्तमा ११ | ७००००।०० |
| १६ | कल्भर्ट निर्माण | तिलोत्तमा १५ | २५००००।०० |
| १७ | अच्यूत पन्थी लाईन सडक मर्मत | तिलोत्तमा ३ | २०००००।०० |
| १८ | सारदास्कुल वनवाटीका सडक मर्मत | तिलोत्तमा १२२ | ५०००००।०० |

| | | | |
|---|---|---|---|
| १९ | भेटनरी शौचालय | | |
| २० | मौवारी सिचाई नहर | तिलोत्तमा २ | ५००००।०० |
| २१ | ३६ मौजा सिचाई कार्यालय पूर्वाधार | तिलोत्तमा | ३०००००।०० |
| २२ | जोरपाटी कल्भार्ट फिलिङ | तिलोत्तमा १ | ३०००००।०० |
| २३ | मोहनाजोत कूलो वाध | तिलोत्तमा १२ | ५००००।०० |
| २४ | गोरकट्टा सिचाई नहर | तिलोत्तमा १२ | ३०००००।०० |
| २५ | नन्दलाल पथ सडक कालोपत्रे (५०:५०) | तिलोत्तमा ६ | ४०००००।०० |
| २६ | ज्ञानोदय पथ सडक कालोपत्रे (५०:५०) | तिलोत्तमा ३ | ५०००००।०० |
| २७ | सडक कालोपत्रे (५०:५०) थप | तिलोत्तमा ९ | ६०००००।०० |
| २८ | पशूपति कलेज फिलिङ | तिलूत्तमा ९ | १०००००।०० |
| २९ | इलाका प्रहरी मंगलापूर छहारी निर्माण | तिलोत्तमा १६ | ४०००००।०० |
| ३० | कोटिहवा पूर्व सिक्टहन जाने सडक मर्मत | तिलोत्तमा ९ | १०००००।०० |
| ३१ | छुवाछुत मूक्त घोषणा कार्यक्रम | तिलोत्तमा १५ | ४०००००।०० |
| ३२ | रिटेनिङ वाल निर्माण | तिलोत्तमा | ७५०००।०० |
| ३३ | जन ज्योति मा.वि. नजिक सडक मर्मत | तिलोत्तमा ११ | १०००००।०० |
| ३४ | पत्थरडाडा पश्चिम १३।१४ सडक रोलिङ | तिलोत्तमा ४ | २०००००।०० |
| ३५ | सडक मर्मत १,९,५ | तिलोत्तमा | २०००००।०० |
| ३६ | विन्धवासिनी आमा समुह | तिलोत्तमा | १२०००००।०० |
| ३७ | स्यालो ट्युवेल २ वटा | तिलोत्तमा १६ | १०००००।०० |
| ३८ | पश्चिम दरखसवा कल्भर्ट थप | तिलोत्तमा १६ | २०००००।०० |
| ३९ | ड्राईभरटोल प्रहरी चौकी मर्मत | तिलोत्तमा १७ | १०००००।०० |
| ४० | विश्वकर्मा मन्दिर निर्माण | तिलोत्तमा ३ | ५००००।०० |
| | | तिलोत्तमा ७ | १०००००।०० |
| ४१ | काली वि.क.को घर देखि यमनाथ चापागाईको घर तर्फ नाली निर्माण | तिलोत्तमा ११ | १५००००।०० |
| ४२ | सून्दरवस्ती नाली निर्माण | तिलोत्तमा ६ | १५००००।०० |
| ४३ | शान्ति नगर २ नं. टोल नाली निर्माण | तिलोत्तमा १० | ४०००००।०० |
| ४४ | भडाहा पूरानो सडक कल्भर्ट | तिलोत्तमा १३ | १०००००।०० |
| ४५ | मन बहादूरको घरबाट पिपलबोट सम्म सडक कालोपत्रे ( ५०:५०) | तिलोत्तमा | १०००००।०० |
| ४६ | सावित्रा पन्थीको घर नेर कल्भर्ट बजेट नपूग | तिलोत्तमा २ | ३०००००।०० |
| ४७ | मनकामना पथ सडक विस्तार (५०:५०) | तिलोत्तमा 6 | १०००००।०० |
| ४८ | प्यारामाउण्ट गेट नजिक कल्भर्ट मर्मत | तिलोत्तमा १ | ५००००।०० |
| ४९ | नयामिल पुर्व जाने सडक कल्भर्ट | तिलोत्तमा १ | १०००००।०० |
| ५० | न्युलाईट सडक मर्मत | तिलोत्तमा १ | २०००००।०० |
| ५१ | गौशाला जाने कल्भर्ट मर्मत | तिलोत्तमा ८ | १०००००।०० |
| ५२ | सिमानगर सडक विस्तार | तिलोत्तमा ३ | २०००००।०० |

| | | | |
|---|---|---|---|
| ५३ | राममणी क्याम्पस देखी पश्चिम तर्फ पूरानो सडक मर्मत | तिलोत्तमा | ४७००००।०० |
| ५४ | डाइभरटोल मल्ल पथ (५०:५०) नपूग | तिलोत्तमा | ५००००।०० |
| ५५ | महूबारी चौकी मर्मत | तिलोत्तमा ११ | १०००००।०० |
| ५६ | मिलन आवास पथ (५०:५०) | तिलोत्तमा ५ | ३०००००।०० |
| ५७ | सिमानगर नाली निर्माण (विशेष अनूदान) | तिलोत्तमा ४ | ४०००००।०० |
| ५८ | श्री गणेशपथ कल्भर्ट निर्माण | तिलोत्तमा १ | १०००००।०० |
| | जम्मा | | २३६०००००।०० |

**निर्णय नं. ९ ग**

यस नगरपालिकाको प्रथम नगरसभावाट पारित भएको तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरु शीर्षक परिवर्तन गरी तपसिल बमोजिम कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. वडा नं. १ सिद्धार्थ आधारभुत विद्यालय पाठ्य सामाग्री खरिदमा परेको योजना परिवर्तन गरि झ्याल ढोका बनाउन रकमान्तर गर्ने रु १०००००।-

२. वडा नं.२ श्री शंकरनगर दुर्गादत्त मा.वि. खेलकुद सामाग्रीमा परेको योजना परिवर्तन गरि पूर्वाधार विकास गर्ने रु २०००००।-

३. वडा नं. ६ उमा आधारभुत विद्यालयको लागि खेलकुद सामाग्री खरिदमा परेको योजना परिवर्तन गरि कम्प्युटर र पंखा खरिद गर्ने रु १०००००।-

४. श्री जन ज्योती आधारभत विद्यालयमा पर्खाल निर्माणमा परेको योजना फनिर्चर तथा खेलौना खरिद गर्ने रु. २०००००।-

५. वडा नं.५ गौतम पथ कालोपत्रे बाटो विस्तार र रिटेनिङ्ग वाल निर्माण गर्ने रु.३०००००।-

६. वडा नं.५ मुक्तिनाथ कालोपत्रे बाटो विस्तार र रिटेनिङ्ग वाल निर्माण गर्ने रु.५०००००।-

७. वडा नं. ५ मोती पथ कालोपत्रे बाटो विस्तार र रिटेनिङ्ग वाल निर्माण गर्ने रु.३०००००।-

८. वडा नं.६ सुन्दर वस्तिमा नाली निर्माण वाट योजना परिवर्तन गरि बाटो कालोपत्रे रु.५०००००।-

९. वडा नं.६ गुल्मेली टोल हुदै मोक्षधाम जाने सडक कालोपत्रे गुल्मेली टोलमा सिचांई नाला निर्माण गर्ने रु. ५०००००।-

१०. वडा नं.१३ सेमरी गाँउमाअधुरो भवन निर्माण वाट योजना परिर्वतन गरि सेमरी गाउमा कल्भर्ट निर्माण गर्ने रु.५०००००।-

११. वडा नं.१७ मुडियारी थारुटोलमा नाली निर्माण वाट योजना परिर्वतन गरि भत्केको कृषि कुलो मा रकमान्तर गर्ने रु. १००००००।-

१२. वडा नं.६ नयाँमिल तिनाउ सडक मर्मतवाट योजना परिर्वतन गरि तिलोत्तमा पार्कमा कार्यालय भवन निर्माण गर्ने रु.५०००००।-

१३ वडा नं.१६ मगर भवन पछाडी पोखरी पुर्ने बाट योजना परिर्वातन गरि मगर भवन पछाडी पोखरी संरक्षणमा उपभोक्ताले निर्णय गरेको रु.१०००००।-

१४. वडा नं. ११ गणेश नगर नाली निर्माण बाट योजना परिवर्तन गरि स्कुल मार्ग कालोपत्रे गर्ने ।

१५. वडा नं.८ कृषि सडक कालोपत्रेमा परेको रकम रु.५०००००।- लाई जयोतिनगर उत्तर सिचाँई कुलो नहरमा थप गरि कार्यान्वयन गर्ने

१६. वडा नं.४ मनकामना पथ कालोपत्रेमा परेको रकम रु.३०००००।- भु.पु मार्गकालोपत्रेमा रकमान्तर गरेको

१७ वडा नं.४ को चोलाकान्तको घर देखी १० नं. जोडिने सडक कालोपत्रेमा परेको रकम २५०००००।- मध्ये न्यु शिखर पथ डिंरनगरमा १०,०००००।- ,सगरमाथा पथमा रु १०,०००००।- र कान्तीपुर पथमा रु५,०००००।-मा राखी रकमान्तर गर्ने

१८ वडा नं.३ सिमानगर खानेपानीमा परको योजना रकमान्तर गरि सिमानगरमानै नाली निर्माणमा गरेको

२०. वडा नं.५ दिवा सेवा निर्माणको लागि विनियोजित रु.१०,०००००।- रकम रकमान्तर गरि श्री सत्य साई सेवा केन्द्र र श्री सरस्वती पञ्चायतन मन्दिरमा ट्रस्ट निर्माण गर्ने

२१. वडा नं.६ वलराम पाठकको घर बाट पूर्व जाने सडक कालोपत्रे, हिमाली मार्ग कालोपत्रे, बाटो सरसफाईको लागि ग्रेडर लगाउने, भृकुट पथ नाली निर्माण, मणिग्राम तिनाउ सडक मर्मत, हरपुर नाका सडक मर्मत, मुडाहा वावा मन्दिर निर्माण, वडा कार्यालय अगाडी सटर निर्माण, संगम पथ कालोपत्रे, पदम पुनको घर देखी सालघारी घुम्ती सम्म ग्रेडर, कालीका मन्दिर अगाडी कालोपत्रेमा परेको रु. २५०००००।- मध्ये रु.१००००००।-को रकम रकमान्तर गरि मिस्कटमा खसाल्ने

२२. वडा नं. ९ खिम बहादुरको घर देखी दक्षिण ढल निर्माणको विनियोजित बजेट रकमान्तर गरी आस बहादुको घर देखी उत्तर तर्फ कुलो निर्माणमा

२३. वडा नं.९ मंगलापुर चोक देखी पुर्व नगेन्द्र थापाको घर कल्भर्ड सम्म नाली निर्माणमा विनियोजित रकम रु५०००००। अर्जुन पाण्डेको गाई फार्म देखीदक्षिण तर्फको बाटोको दुवै तर्फ वाल निर्माणमा रकमान्तर गरिको

२४. वडा नं.९ सुर्यपुरा देखी विश्व शान्ति जाने सडक कालोपत्रेमा विनियोजित बजेट रु.३००००० र थपमा परेको सि.नं.६२ को रु३०००००।- गरी रु६०००००।-५०:५० मा जनक पथ हुदै पश्चिम संगम पथ कालोपत्रे गर्ने

२५. वडा नं.९ तुल्सीपुर देखी ओसो भिलेज गेत सम्म सडक निर्माणमा विनियोजित रु३०००००।- थपमा परेको सि.नं.६१ विश्व शान्ति चोक देखी क्युलानी जोडने सडक कालोपत्रेमा विनियोजित बजेट रु.५५०००००।- बाट रु.२०००००।- सबै लाई संगम पथ कालोपत्रे मा रु.८०००००।- ५०:५० मा गर्ने

२६. वडा नं.९ हर्क पुनको घर देखी शंकर पुर चोक सम्म दुवै तर्फ नाली निर्माण २३१०००।- घरवास टोलमा कर्ल्भट निर्माण रु.७७०००।-, प्रेम नगर भेषराज भट्टराईको घर अगाडी कर्ल्भट निर्माण रु.७७०००।-र चन्द्र मणि भट्टराईको जग्गा अगाडी कल्भर्ट निर्माण रु. ७७०००।-

२७. वडा नं.१३ रतनको घर देखी बभनी गाँउ भित्र रु.२०००००।- मा परेको रकम रकमान्तर गरि बभनि ट्रान्सर्फमर बाट सुपौली पथ सम्म सडक कालोपत्रे गर्ने ।

२८. वडा नं.१४ टिकुलीगढ स्वास्थ्य चौकी बाट बागधुरा जाने सडककालागि विनियोजित रकम रु.२५०००००।- काम गर्न नसकेको र मंगलापुर रजरगंज जाने सडकको लागि विनियोजित रकम रु.३७५०००।- रकमान्तर गरि र टिकुलीगढ स्वास्थ्य चौकी बाट बागधुरा जाने सडक बाट रु. ६८००००।- रकमान्तर गरि खैरिया फर्निचर देखी नसिव गार्मेन्ट जाने सडकमा कालोपत्रे गर्ने कुलरु.१०,५५०००।-

२९. वडा नं.१५ शेर बहादुरको घर देखी दक्षिण जगन्ती कार्कीको घर सम्म सडक ग्राभेलमा विनियोजित रकम रु.३५००००।- रकमान्तर गरि दामोदर पाण्डेको घर देखी कोटीहवा चोक सम्म जाने बाटोमा नाली निर्माणमा रकमान्तर गर्ने

३०. वडा नं.१३ सिमलको रुख देखी करौजिया सम्म कालोपत्रेमा परेको रकम रु. २५०००००।- बभनी गाउ देखी बोरिङ्ग जाने बाटो कालोपत्रेमा रु८०००००, मडाहा पुर्व उत्तर कच्ची बाटो कालोपत्रेमा रु.८०००००।- र कान्छा लाहुरेको घर देखी सेमरी जाने बाटो कालोपत्रेमा रु.९०००००।-रकमान्तर गर्ने

३१. वडा नं.१२ कोटहीमाई आधारभुत विद्यालयमा चिप्लेटी र पिङ्ग तथा वाल निर्माण लाई कुलो निर्माण गराई कार्यानन्वयन गर्ने ।

३२. वडा नं.७ भविश्वर पाण्डेको घर देखी ठकुराईनको घर सम्मको बाटो रु. २५००००।-, भलवारी हाटवजारको नाली निर्माण रु.१०००००।, पुरानो सडक ढल निकास रु.१०००००।-दलित समुदायिक भवन निर्माण रु.४०००००।-, नेत्र नारायणको घर देखी उत्तर राधेश्यामको घर सम्मको सडक कालोपत्रे रकम रु.१००००००।-मध्ये रु.२६५०००।-, दलित समुदायको लागि सचेतना कार्यक्रम

रु.१५००००।- र वडा कार्यालयको सम्याउनको लागि विनियोजित रु. १००००० मध्ये ५७०००।- जम्मा रु. १३२२०००।- मध्ये बाट तिलोत्तमा नगरपालिका वडा नं.७ मा १०० के.वी.ए.को ट्रानसफरमर खरिद गर्ने रु. ६०००००।- भलवारी बजार देखी पर्स्व भलवारी थारु गाँउ विकास संस्था भित्र को नमुना पथ ४१४ मिटर लम्बाई बाटो कालोपत्रे गर्ने र वडा कार्यालयको दक्षिण लक्कुको कम्पाउड वाल भित्रको जग्गा व्यवस्थापन गर्न माटो पटान मा रु. १२२०००। बजेट कार्यान्वयन गर्ने ।

३२. प्रेमनगर दीप बोरिङ निर्माणको रु. ३,००,०००। र प्रेमनगर दिप वोरिङ व्यवस्थापन रु. ५०००००। लाई शिर्षक परिवर्तन गरी ट्रान्सफरमर खरिदमा बजेट कार्यान्वयन गर्ने ।

**शिर्षक परिवर्तन:** भुलवश ५०:५० मा परेको पूर्वाधार निर्माण सम्बन्धी योजनाहरु र ५०:५० मा सडक कालोपत्रे गर्ने भनि छुट्टाईएको योजनाहरु मध्ये पुर्वाधार निर्माण सम्बन्धी कार्य नगरी सडक कालो पत्रे गर्न मनाशिव नदेखीएको भनि शिर्षक परिवर्तनको लागि उपभोक्ता समितिको जिर्णय तथा वडा कार्यालयको सिफारिसको आधारमा तपसिलका योजनाहरु शिर्षक परिवर्तन गरी ५०:५० का योजनाहरु वाट पर्स्वाधार निर्माणको लागि परिवर्तन गर्ने निर्णय गरियो ।

१. वडा नं. २ शान्ति कुञ्ज बाटा तपाह जोडने सडक कालोपत्रे शिर्षक परिवर्तन गर्ने मोहडा मन्दिरको जग्गामा परेको
२. वडा नं.३ लक्ष्मण पथ कालोपत्रेमा परेको रकम उठाउन नसकेको कारण स्वरुप वा शिषक परिर्वतन गर्ने
३. वडा नं. ६ विजय पथ कालोपत्रे शिर्षक परिर्वतन भुलबस ५०:५० मा परेको
४. वडा नं.६ मुनाल पथमा पुर्वाधार निर्माण शिर्षक परिर्वतन भुलबस ५०:५० मा परेको हुँदा शिर्षक परिर्वतन
५. वडा नं.६ कुञ्जलापुर नयाँ बस्ति पुर्वाधार निर्माण भुलबस ५०:५० मा परेको हुँदा शिर्षक परिर्वतन गर्ने
६. वडा नं.७ गितान्जली छापाखाना देखी ओम प्रकाश किराना पसल सम्मको बाटो कालोपत्रे ५०:५० मा परेको रकम लाई शिर्षक परिवर्तन गरि बाटो मर्मत गर्ने
७. वडा नं.८ ज्योति नगर कृषि सडक पिचकोशिर्षक परिवर्तन गरि ज्योतिनगर उत्तर कुलो निर्माण
८. वडा नं. ९ तुल्सीपुर मिलन चोक देखी उत्तर दुर्गा गुरुङ्गको घर सम्म कालो पत्रेशिर्षक परिर्वतन नाली निर्माण गर्न आवश्यक परेको
९. वडा नं.८ जागृति देखी जमुहानी सडक कालोपत्रे योजन परिर्वतन गरि जागृतिनगर पुल नेर सडक कालोपत्रे
१०. वडा नं.१३ कान्छा लाहुरेको घर देखी सेमरी आउने बाटो कर्ल्भट निर्माण शिर्षक परिर्वतन भुलबस ५०:५० मा परेको
११. वडा नं.१३ बिसौनी बनकट्टी सडक विस्तार शिर्षक परिर्वतन भुलबस ५०: ५० मा परेको
१२. वडा नं. १४ टिकुलीगढ दक्षिणटोल पटवारीटोल सडक विस्तार र पिच रकम उठाउन नसकेको कारण शिर्षक परिर्वतन गरि सडक बिस्तार गर्नु पर्ने
१३. वडा नं. १४ तिनधुरा थानेश्वरको घर देखी बोहरा मिल जाने सडक बिस्तार शिर्षक परिर्वतन भुलबस ५०:५० मा परेको
१४. वडा नं. दुर्गानगर छविलालको पुनको घर देखी कुसुम गढाई रेहरा सडक विस्तार शिर्षक परिर्वतन भुलबस ५०:५० मा परेको
१५. वडा नं. १४ टिकुलीगढ दक्षिणटोल पटवारीटोल सडक विस्तार र पिच शिर्षक परिर्वतन गरि सडक बिस्तार
१६. वडा नं.१५ कोटिहवा बनकट्टी चोकसम्म कालोपत्रे बाटो कटान भई कालोपत्रो गर्न नसकिने कारण बाटो कटान रोकथाम गर्न आवश्यक परेको हुँदा

१७. वडा नं.१६,१७ तिलोत्तमा १६ शिवमन्दिरको पुर्व देखी १७ दर्खसवा जोडने सडक कालोपत्रे रकम उठाउन नसकेको कारण पुर्व बोहिया गाँउभित्र सडक पूर्वाधार विकास
१८. वडा नं.६ हरपुर नाका सडक मर्मत र मणिग्राम तिनाउ सडक मर्मत बाट रकम अन्तर गरि तिलोत्तमा वडा नं.को ग्रभेलमा रकममान्तर गर्ने
१९. वडा नं. १७ अमुअवा गाउमा लालपुर कुलोमा कल्भर्ट निर्माण ५०:५० बाट हटाउने
२०. वडा नं.११ गणेशनगर नाली निर्माण बाट रकमान्तर गरि स्कुल मार्ग कालोपत्रे गर्न आवश्यक भएको हुँदा
२१. सयुक्त पथ कालोपत्रेमा परेको रकममा एक साईडमा मोहडामा तपाह पर्ने भएको हुदाँ रकम उठाउन नसकेको कारण शिर्षक परिर्वतन गर्ने
२२. वडा नं. २ सदरलाई देखी दुवेको घर हुदै सिद्धार्थ राजमार्ग जोडने सडक कालो पत्रेमा परेको तर उक्त सडक पहिले नै कालोपत्रे भएको हुदा शिर्षक परिर्वतन गर्ने
२३. वडा नं.१७ मुडियारी देखी पूर्व सोहिया कुलोमा कल्भंट निर्माण गर्न परेको रकम अपुग भएको कारण मुडियारी थारु टोलमा नाली निर्माण
२४. वडा नं.६ कालिका मन्दिर अगाडी कालोपत्रे रु.२५०००० मध्ये १०००००।- बाटो मर्मत तथा सुधारमा खर्च गरिने र बलराम पाठकको घर बाट पुर्व जाने काटोको २०००००रु र हिमाली मार्गको कालो पत्रे रु.३०००००।- कालो पत्रे बाट रकमान्तर गरि ह्युम पाईप र पोल खरिद गर्ने ।
२५. वडा नं.१२ जनता मा.वि. देखी दक्षीण कान्छिबजार जाने बाटोमा कालोपत्रे परेको रकम रु.५०००००।- रकमान्तर गरि नमुना चोक देखी वेवहरी विष्णुपुरा सडक कालोपत्रेमा थप मध्ये परेको रमक रु३००००० मा राखी रु ८०००००।-को कालोपत्रे गर्ने
२६. वडा नं.३ खानेपानी पथमा परेको रकम रु४०००००।- मध्ये रु.२०००००।- कोसुनौलो नगरमा रहेको पथ नं.१,४, र ६ को पुर्वमा तिन थान कल्भर्ट बनाउन रकमान्तर गर्ने
२७. वडा नं.२ जनप्रिय पथ १ होम ब.रानाको घर उत्तर शिर्षकको रकम रु.४०००००।- योजना परिर्वतन गरि भेटनरी लाईन मा परिर्वतन गरिएको र साथै जनप्रिय पथ २ मा विनियोजित रु.१००००००।- मध्ये रु६५०००० को सोहि बाटोमा खर्च भएको र बाँकी ३५००००।-कध्ये रु.१०००००।- भेटनरी लाईनमै थप गरी रु.५०००००।-थप भएको र रु.३५०००० मध्येको रु.१०००००।-दर्गा पथको लागि थप गरि दुर्गा पथमा रु.३४५०००।-को कार्य भएको अनि बाकी रु.१५००००।-श्री कृष्ण मार्गमा कालो पत्रेमा परिर्वतन गरेको ।
२८. वडा नं.१२ जनता मा.वि. देखी दक्षिण कान्छिबजार जाने बाटो कालोपत्रेमा विनियोति रकम रु.५०००००।- काम गर्न नसक्ने भएको कारण विष्णुपुरा टोलको विष्णुपुरा वेवरी हुदै नमुना चोक जोडने कालोपत्रेमा रकमान्तर गर्ने ।
२९. डिङ्गरनगर कल्भर्ट निर्माणबाट बजेट रकमान्तर गरी कालिका पथमा बजेट कार्यान्वयन गर्ने रु. १०००००।
३३. साईराम पथमा कालोपत्रे रु. २५००००। बाट रकमान्तर गरी कालिका मन्दिर अगाडी सित्तलकुञ्ज जाने बाटोमा रिटेनिङ वाल सहितको कल्भर्ट निर्मा०

१३.१ निर्णय नं.१३

आ.व. ०७४/०७५ प्रमाणित योजनाहरु मध्ये शि.न. ७.६ सडक ग्राभेल शिर्षकका योजना विधमान २० प्रतिशत उपभोक्ताको लागत सहभागिता हुनुपर्ने व्यवस्था रहेकोमा सडक ग्राभेल सम्बन्धी कार्यमा उपभोक्ताबाट २० प्रतिशत सहभागिता जुटाउन नसकिने भनि उपभोक्ता समितिहरुवाट निवेदन र वडा कार्यालयवाट सोहि अनुसारको सिफारिस पत्र प्राप्त भएको हुँदा प्राविक प्रतिवेदनको आधारमा उपभोक्ता आफै परिचालित भई गरेको सडक ग्राभेलकार्यको भुक्तानी गर्दा २० प्रतिशत लागत सहभागिता नराखी नगरपालिकाबाटै भुक्तानी दिने ।

१. वडा नं.३ अच्चुत पन्थीको घर देखी शिवालय मन्दिर देखी थपमा परेको सि.नं. १७ मा रहेको रु.२०००००।-, उदय गुरुङ्गको घर देखी दक्षिण नारायण थापाको घर सम्म र गंगा खड्काको घरदेखी अच्चुत पन्थिको घरसम्मको बाटो मर्मतमा विनियोजित रकम रु.२५००००।-, थप मध्ये दोस्रोको सि.नं.१६ रु.२२००००।-, स्रोह तपाहको पुल निर्माणमा विनियोजित रकम रु.४०००००।- मध्ये रु.२०००००।- र बाकी रहेको रु.२०००००।- स्मृती अगाडी कल्भर्ट निर्माणमा रकमान्तर गर्ने , स्काईलेण्ड स्कुलको पिश्चम देखी शिवालय मन्दिर सम्म कालोपत्रेमा विनियोजित बजेट रु.२५००००।- र तोलाकान्त घर नेर सडक कालोपत्रेमा सि.नं. १६ को रु.२२००००।-, मिलिजुली मार्ग देखी गिता ढुंगानाको घरसम्म तेजमिरा पथमा जोडिने सडकको दुवै तर्फ नाली निर्माणमा विनियोजित रकम रु.४०००००।- र संस्कृति तथा भेषभुसा संरक्षण गर्ने खालका कार्यक्रमामा विनियोजित बजेट रु.१०००००।- मध्ये सम्पुर्ण रकम स्काईलेण्ड स्कुलको गेट हुदै सिता गौतमको घर सम्म नयाँ कालोपत्रे र बाटो विस्तार गर्ने ।

२. वडा नं. १० को दुर्गा मा.वी. रिटेनिङ्ग वाल निर्माणको लागि विनियोजित रकम रु. २०००००।- रकमान्तर गरि वडा नं. ७ र ९ मा संयुक्त कल्भर्ट निर्माण गर्ने ।

३. वडा नं.१ थप गरको योजना मध्ये सि.नं.३८ मा विनियोजित रकम रु.१५००००।- रकामान्तर गरि शान्तिनगर कर्ल्भट मर्मत गर्ने ।

४. वडा नं.४ जमुना खत्रीको घर देखी १० नं. जोडने सडक कालोपत्रेमा विनियोजित रकम रकामान्तर गरि ज ति खेल मैदान जाने बाटो कालो पत्रे गर्ने ।